# नीलकण्ठ नगरपालिका विद्यार्थी सिकाइ सहजीकरण कार्यविधि–२०७७

**प्रस्तावना** :कोभिड–१९ सङ्क्रामक रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठन पाठन सुचारु गर्न शैक्षिक सत्रको अवधिलाई ध्यानमा राखी राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरु हासिल गर्न र विद्यालय उमेरका बालबालिकालाई आफ्नो परिवेश अनुसार सिक्ने वातावरण सिर्जना गरी सिकाई सहजीकरणको प्रणालीका रुपमा उपयोग गरी शिक्षण सिकाइ कार्यलाई निरन्तर, प्रभावकारी र व्यवस्थित गर्न आवश्यक भएकोले नगर शिक्षा ऐन २०७४ को दफा १०५ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१) **सङ्क्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"विद्यार्थी सिकाइ सहजीकरण कार्यविधि–२०७७"** रहेको छ ।

ख) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"केन्द्र"** भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्दछ ।

ख) **"प्रविधि"** भन्नाले शिक्षण सिकाइको लागि प्रयोगमा आउने रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइन लगायका माध्यम सम्झनु पर्दछ ।

ग) **"नगरपालिका"** भन्नाले नीलकण्ठ नगरपालिका धादिङ सम्झनु पर्दछ ।

घ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

ङ) **"विद्यार्थी"** भन्नाले विद्यालयमा औपचारिक, अनौपचारिक रुपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालयबाहिर रहेका बालबालिका सम्झनु पर्छ ।

च) **"विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालन भएको सामुदायिक र संस्थागत विद्यालय वा सार्वजनिक र निजी लगानीका विद्यालय सम्झनु पर्छ र सो शब्दले परम्परागत विद्यालयलाई समेत जनाउँछ ।

छ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ज) **"कर्मचारी"** भन्नाले विद्यालयमा कार्यरत शिक्षण क्रियाकलाप भन्दा बाहेकका कार्य गर्ने ब्यक्तिलाई जनाउँदछ ।

झ) **"सिकाइ सहजीकरण प्रणाली"** भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको महामारी वा विपद् जस्ता कारणले नियमित पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना कार्यहरु, स्व-अध्ययन, दूर तथा खुला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धति वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट अध्ययन, अध्यापन सुचारु राख्ने विधि र प्रक्रिया सम्झनु पर्छ ।

झ) **"वडा"** भन्नाले नीलकण्ठ नगरपालिकाका १४ वटा वडालाई जनाउँदछ ।

ञ) "स्वयम्सेवक" भन्नाले विद्यार्थीको सिकाइलाई सहजीकरण गर्ने कार्यमा समुदायमा रही स्वेच्छिक रुपमा योगदान गर्ने स्थानीय तह वा विद्यालयले तोकेको ब्यक्ति सम्झनुपर्छ ।

३. **विद्यार्थी पहिचान, अभिलेखीकरण तथा वर्गीकरण :**

१) विद्यालयले स्रोत साधनमा पहुँचको अवस्थाका आधारमा विद्यार्थीको पहिचान गरी निम्न आधारहरुमा वर्गीकरण गर्नु पर्नेछ ।

क) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह,

ख) रेडियो र टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,

ग) विशेष आवश्यकता भएका (अपाङ्गता भएका) विद्यार्थी समूह,

घ) कम्प्युटर, स्मार्टफोनबाट इन्टरनेट तथा सूचना प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह ।

२) सिकाइ सहजीकरण प्रणालीबाट सिकाइ सहजीकरण गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप र पाठ्यवस्तु समायोजन ढाँचा–२०७७ बमोजिमका सामग्रीहरु प्रयोग गर्नु पर्नेछ ।

३) यस दफा बमोजिम समूहगत विद्यार्थी पहिचान तथा वर्गीकरण गर्ने प्रयोजनका लागि विद्यालयले चालु शैक्षिक सत्रमा विद्यार्थीको अभिलेख तयार गरी सो अभिलेख बमोजिम विद्यार्थीको नाम नामेसी, आमा, बाबुको नाम, ठेगाना, सम्पर्क नं., विद्यार्थीहरुको समूहकृत वर्ग र स्रोत साधनको पहुँचको अवस्था समेतको विवरण खुलाउनुका साथै सहज रुपमा प्रयोग हुन सक्ने सामाजिक सञ्जालको प्रयोग गरी

कक्षागत रुपमा विद्यार्थीहरुको, अभिभावकहरुको र शिक्षकहरुको समूह बनाई सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४) विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका सबै बालबालिकाको सिकाइ सहजीकरण गर्ने कार्ययोजना तयार गरी न.पा. लाई उपलब्ध गराउनु पर्नेछ ।

**४) कार्यक्रम सञ्चालन प्रक्रिया :**

**१) विद्यालय सञ्चालन गर्दा तपसिल बमोजिम सुरक्षा मापदण्ड अपनाउनु पर्नेछ :**

- विद्यालय परिसरमा प्रवेश गर्दा र रहँदासम्म विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय कर्मचारी लगायतले अनिवार्य रुपमा मास्क लगाउनु पर्ने, साबुन पानीले हात धुनु पर्ने, २५ जना विद्यार्थी बराबर एउटा हातधुने ठाउँको प्रवन्ध मिलाउने ।
- अनिवार्य रुपमा ज्वरो नाप गर्ने, १००.४ F भन्दा बढी ज्वरो भएका र रुघाखोकी वा फ्लु जस्ता लक्षण भएका व्यक्तिलाई विद्यालय प्रवेशमा रोक लगाउने र स्वास्थ्य संस्थामा पठाउन सहजीकरण गर्ने ।
- विद्यालयमा रहँदा भौतिक दुरी कायम गर्नुका साथै एक अर्कालाई नछुने ।
- आफ्नो परिवार, समुदाय र सम्पर्कमा आएका व्यक्तिहरुमा COVID–19 Positive आएको अवस्थामा विद्यालयमा जानकारी गराइ घरमा नै सुरक्षित रहने ।
- प्रार्थना सभा, खेलकूद, अतिरिक्त क्रियाकलाप लगायत सामूहिक रुपमा भेला हुने जस्ता कुनै पनि क्रियाकलाप नगर्ने ।
- प्रत्येक विद्यालयमा ३ सदस्यीय विपद् व्यवस्थापन समिति गठन गरी सो समितिका संयोजकलाई विपद् सूचना अधिकारी तोकी न.पा. लाई जानकारी गराउने ।
- विद्यालयमा रहेको अवस्थामा कुनै व्यक्तिलाई COVID 19 का लक्षणसँग मिल्दो-जुल्दो लक्षण देखिएमा सम्बन्धित अभिभावक, न.पा. नजिकको स्वास्थ्य संस्थामा जानकारी गराउने र तुरुन्तै अलग्गै बस्ने व्यवस्था मिलाउने ।
- विद्यालयमा शौचालय तथा धाराको प्रयोग गर्दा भौतिक दुरी कायम गर्ने व्यवस्था मिलाउने
- विद्यालय परिसरबाट बाहिरिदा भौतिक दुरी कायम हुने व्यवस्था मिलाउने ।
- सबै छात्राछात्रहरुलाई घरबाट नै खाजा, पानी ल्याउने व्यवस्था मिलाउने साथै विशेष अवस्थामा मात्र चमेनागृह भौतिक दूरी र सुरक्षा मापदण्ड पालना गरी संचालन गर्ने ।
- आफ्नो घर छिमेकमा अन्यत्रबाट वा बिदेशबाट आएका मानिसहरु छन् भने विद्यालय सुचना अधिकारीलाइ ततकाल जानकारी गराइ क्वारेन्टाइनमा बस्न भन्ने वा नगरपालिकामा खवर गर्ने ।

**२) प्रत्यक्ष कक्षा सञ्चालन सम्बन्धमा**

नीलकण्ठ नगरपालिकाले विद्यालयका सरोकारवालाहरुको मितिः २०७७/०६/०१-०२ मा सम्पन्न बैठकबाट प्राप्त सुझावहरुका आधारमा कोभिड-१९ महामारी समुदायमा फैलिएको अवस्था नदेखिए सम्मका लागि निम्नानुसार सिकाइ सहजीकरण प्रक्रिया अगाडि बढाउनेछ ।

क) प्रतिकक्षा अधिकतम २५ जनासम्म र प्रति बेन्च अधिकतम २ जना सम्मका दरले विद्यार्थी रहन सक्ने गरी प्रत्यक्ष शिक्षण सिकाइ सहजिकरण गर्नु पर्नेछ ।

ख) विद्यार्थी संख्या बढी भई उपनियम क बमोजिम एकै सिफ्टमा कक्षा संचालन हुन नसक्ने विद्यालयहरुले आलोपालो, जोर बिजोर वा सिफ्ट मिलाएर कक्षा सञ्चालन गर्नुपर्नेछ ।

ग) उपनियम (क) र (ख) अनुसार कक्षा सञ्चालन गर्नका लागि वि.व्य.स. र शि.अ.संघबाट निर्णय गराइ शिक्षक स्टाफ बैठकबाट आवश्यकता अनुसार ढाँचा तयार गरी न.पा. मा पेश गर्ने ।

घ) उपनियम (क) र (ख) अनुसार कक्षा सञ्चालन गर्नु पूर्व अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

ङ) आइसोलेसन र क्वारेन्टीन रहेका विद्यालयहरुले सेनिटाइज (निर्मलीकरण) र अन्य विद्यालयहरुले सरसफाईको व्यवस्था गर्ने ।

## ३) बैकल्पिक कक्षा सञ्चालन सम्बन्धमा

विद्यालय रहेको क्षेत्र तथा विद्यालयको सेवा क्षेत्रमा COVID-19 को संक्रमण समुदायमा फैलिई भौतिक रुपमा विद्यालय संचालनमा ल्याउन सक्ने अवस्था नभएमा नियम अनुसार वर्गीकरण गरिएका समूहहरुलाई पहुँचका आधारमा निम्नानुसारको सिकाइ सहजीकरण गर्ने :

क) अनलाइनमा तयार गरिएको सामग्री अफलाइनमा पनि हेर्न सकिने गरी पेन ड्राइभमा राखी न.पा. मार्फत विद्यालय र विद्यालय मार्फत विद्यार्थीलाई उपलब्ध गराउने ।

ख) टेलिभिजनबाट सञ्चालन भएका शिक्षण सिकाइ कार्यक्रमको जानकारी र तालिका विद्यार्थीहरुलाई उपलब्ध गराउने ।

ग) न.पा. ले स्थानीय F.M. रेडियोहरुबाट पनि शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने र सोको जानकारी र तालिका विद्यालयले विद्यार्थीहरुलाई उपलब्ध गराउने,विद्यालयको सम्बन्धित विषय शिक्षकले विद्यार्थीहरु संग प्रत्यक्ष समन्वय गरि रेडियो तथा दुर शिक्षा शिक्षण सिकाइ सहजिकरण गर्ने ।

घ) इन्टरनेटको पहुँचमा रहेका विद्यार्थीहरुलाई नेपाल सरकार, शिक्षा विभागको website र त्यस अन्तरगत रहेका विभिन्न विद्युतीय सिकाइ सामग्रीहरु पाइने link हरुको बारेमा जानकारी दिने ।

Website : www.doe.gov.np

link हरु : learning. cehrd.edu.np

www.moecdc.gov.np

www.youtube.com./ncedvirtual

ङ) माथि उल्लेखित link खोलेर सिकाइ सामग्रीहरु हेर्न तथा सहजीकरण गर्नका लागि शिक्षकलाई विद्यालयले जिम्मा दिने ।

च) यदि विद्यार्थीहरुले internet, T.V., Radio आदि कुनै पनि माध्यममा पहुँच छैन भने र विद्यालय सञ्चालन गर्ने अवस्था पनि रहेन भने निम्न लिखित क्रियाकलापहरु अवलम्बन गर्न सकिन्छ :

अ) विद्यार्थीको स्तर, तह र क्षमता अनुसार विभिन्न परियोजना कार्य, प्रयोगात्मक कार्य गर्न दिने,

आ) आफ्नो घरमा आफूभन्दा ठूलो कक्षामा अध्ययन गर्ने दाइदिदीहरु छन् भने उनीहरुलाई आफ्ना भाइबहिनीहरुको सिकाइ सहजीकरणमा सहयोग गर्न अनुरोध गर्ने,

इ) उक्त कार्यहरुको लागि पनि स्थानीय वा पायक पर्ने शिक्षकहरु परिचालन गर्ने ।

## ४) अनलाइन कक्षा सञ्चालन सम्बन्धमा

हालसम्म अनलाइन कक्षा सञ्चालन गरिरहेका र अनलाइन कक्षा सञ्चालनको पहुँच भएका विद्यालयहरुले अनुसूची १ बमोजिम अनलाइन कक्षा सञ्चालन गर्ने ।

## ५) मूल्याङ्कन प्रक्रिया सञ्चालन सम्बन्धमा :

क) निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक कार्य, गृहकार्य लगायतका सिर्जनात्मक कार्यहरुलाई आवधिक मूल्याङ्कनका आधार बनाउने र अनलाइन कक्षाको मूल्याङ्कन अनुसूची १ अनुसार गर्ने ।

ख) नगरपालिकाले निर्माण गरेको विषयगत समितिहरुले पाठ्यवस्तु समायोजन ढाँचाका आधारमा परीक्षा समिति मार्फत परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ग) परीक्षा सञ्चालन गर्दा भौतिक दुरी कायम गरी सुरक्षा सावधानीका सबै मापदण्डहरु अपनाउने ।

घ) परीक्षा सम्बन्धी अन्य व्यवस्था नगर परीक्षा बोर्ड तथा सम्बन्धित निकायको नीति निर्देशनका आधारमा गर्नुपर्ने ।

## ६) विद्यार्थी भर्ना एवं अभिलेख सङ्कलन प्रक्रिया :

क) भर्ना एवं अभिलेख सङ्कलन प्रक्रिया यो कार्यविधि न.पा.बाट स्वीकृत भई लागू भएकै दिनबाट सुरु हुनेछ ।

ख) विद्यार्थी भर्ना र कक्षा सञ्चालन भौतिक दूरी र सुरक्षा सावधानी अपनाएर क्रमशः एकै साथ अघि बढाउने ।

## ७) शुल्क सम्बन्धी व्यवस्था :

संस्थागत विद्यालयहरुले लिन पाउने शुल्क प्रचलित कानुनको अधिनमा रही न.पा. ले स्वीकृत गरे बमोजिम हुने ।

८) **विशेष व्यवस्था**

क) यस कार्यविधिमा नसमेटिएका कुराहरु नेपाल सरकारबाट २०७७/०५/१९ मा स्वीकृत सिकाइ सहजीकरण निर्देशिका –२०७७ अनुसार हुनेछ।

ख) COVID-19 को महामारी अन्त भइ नियमित पठनपाठन सञ्चालन हुन सक्ने अवस्थामा यो कार्यविधि बमोजिमको व्यवस्था शिक्षण सिकाईको पूरक प्रणालीका रुपमा लागू गर्न सकिने छ।

ग) यो कार्यविधि नेपालको प्रचलित कानून तथा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७ सँग बाझिएमा यस कार्यविधिको व्यवस्था स्वतः निश्क्रिय हुने छ।

९) **विद्यार्थी सिकाइ सहजीकरणका लागि विद्यालय सञ्चालन अनुमति सम्बन्धी व्यवस्था :**
विद्यार्थी सिकाइ सहजीकरणका लागि विद्यालय सञ्चालन गर्न अनुसुची २ मा दिएको ढाँचामा प्रत्येक विद्यालयलाई नगरपालिकाबाट अनुमति पत्र दिनुपर्ने ।

१०) **ब्याख्या तथा बाधा अड्काउ :** यस कार्यविधि कार्यान्वयनमा कुनै अन्यौलता रहेमा त्यसको ब्याख्या र बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ। तत्काल कुनै समस्या पर्ने अवस्थामा कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने गरि नगर प्रमुखबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

<u>अनुसूची १</u>

**अनलाइन कक्षा सञ्चालन तथा मुल्याङ्कन कार्यविधि**

१. अनलाइन कक्षा सञ्चालनको लागि आ-आफ्नो विद्यालयमा तपसिल बमोजिम अनलाइन कक्षा निर्माण गर्ने,

a. Google Classroom → प्रत्येक कक्षाको विषयगत कक्षा
b. Facebook messenger group → प्रत्येक कक्षाको १ वटा ग्रुप
c. Microsoft Team कक्षा
d. अन्य

२. कक्षा निर्माण पश्चात सबै विद्यार्थीलाई कक्षामा देहाय बमोजिम जोड्ने

a. Class code मार्फत
b. Email मार्फत
c. Facebook मार्फत
d. Twitter मार्फत
e. अन्य

३. कक्षा र शिक्षकलाई जोड्ने र शिक्षकलाई आ-आफ्नो कक्षा जिम्मा दिने ।

a. Email मार्फत
b. Facebook मार्फत
c. Twitter मार्फत
d. अन्य

४. Video कक्षा सञ्चालनको लागि प्रत्येक विद्यार्थीलाई आ-आफ्नो device मा आवश्यक app download/ Install गर्ने ।

a. Google meet b. Zoom c. Google duo d. अन्य

५. प्रत्येक विद्यालयले आ-आफ्नो अनुकूलता हेरी समय तालिका निर्माण गरी विद्यार्थी र शिक्षकलाई जानकारी दिने ।

६. नियमित वा एक दिन विराएर विद्यार्थीसँग जोडिने

- Video class मार्फत
- Google class मार्फत
- Messenger group मार्फत
- अन्य

७. सामग्री व्यवस्थापन :

- स्वयम् शिक्षकको प्रस्तुती तथा निर्माणमा बनेका सामग्री
- विभिन्न माध्यममा उपलब्ध सम्बन्धित विषयमा अडियो/ भिडियो सामग्री
- Midas E-Class का सामग्री
- <u>www.youtube.com/ncedvirtual</u> का सामग्री
- www.learning .cehrd.edu.np का सामग्री
- www.doe.gov.np का सामग्री
- रमाइलो पढाइ App का सामग्री
- Kullawas का सामग्री
- Geogebra का सामग्री
- अन्य कुनै स्रोतका उपयोगी सामग्री

८. विद्यार्थी मूल्याङ्कन प्रणाली : विद्यार्थीको शिक्षण सिकाइमा सक्रियता ल्याउनको लागि निम्नानुसार निरन्तर मूल्याङ्कन गर्ने ।

- कक्षामा निरन्तर प्रश्नोत्तरको व्यवस्था मिलाउने ।
- विद्यार्थीले गरेका कक्षा कार्य वा गृहकार्य तपसिल बमोजिम विकल्प अनुसार जाँच गरी आवश्यकतानुसार पृष्ठपोषण दिने ।

१. भिडियो कक्षामार्फत उनीहरुको कार्य अवलोकन गर्ने ।

२. उनीहरुले गरेका कार्यहरु अपलोड गर्न लगाउने ।

   - Google classroom को classwork section मा
   - Messenger group मा
   - Microsoft team को ग्रुपमा
   - अन्य

३. अपलोड भएका विद्यार्थीका कार्यहरुलाई जाँच गरी पुनः विद्यार्थी सामु पुऱ्याउने ।

३. विद्यार्थीको कार्यहरुको मूल्याङ्कन गरी कामको आधारमा अङ्कन गर्ने व्यवस्था मिलाउने ।

४. अपलोड गर्ने/भिडियो हेर्न सम्भव नभएमा कम्तिमा १ हप्तामा विद्यालय वा पायक पर्ने सिकाइ केन्द्रमा उनीहरुको कार्य ल्याउने व्यवस्था मिलाउने र जाँच गरी विद्यार्थीलाई फिर्ता गर्ने/अभिलेख राख्ने ।

९. परीक्षाः कम्तिमा महिनाको १ पटक सबै विषयकको १०-२० अङ्कको अनलाइन परीक्षा लिइ मूल्याङ्कन गरी अभिलेख राख्ने ।

<u>अनुसूची २</u>

मिति : २०७७/०६/०५

श्री ....................................... विद्यालय,
नीलकण्ठ न.पा.-...... वडा, धादिङ

**विषयः सिकाइ सहजीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड–१९ को विषम परिस्थितिमा सिकाइ सहजीकरण निर्देशिका-२०७७ बमोजिम निर्माण भएको **नीलकण्ठ नगरपालिका विद्यार्थी सिकाइ सहजीकरण कार्यविधि–२०७७** अनुसार सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्नुहुन आदेशानुसार अनुरोध छ ।

पेश गर्ने

Lamsal

कृष्ण प्रसाद लम्साल

प्र. स.

..............................
शाखा प्रमुख
नीलकण्ठ न.पा., धादिङ